महाभारत गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

देवीटार,काभ्रेपलाञ्चोक

बागमती प्रदेश,नेपाल

## आन्तरिक आय संकलन सम्बन्धी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित सूचना मितिः २०८२।०४।१२

(दोस्रो पटक प्रकाशित सूचना मितिः २०८२।०५।१८)

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२ (क) बमोजिम यस महाभारत गाउँपालिकाबाट आ. व २०८२।८३ को लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले बागमती प्रदेश सरकारको आर्थिक ऐन २०८१ अनुसूची-५ मा तोकिएको दररेट बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लेखित क्षेत्रहरुबाट स्वीकृत परिमाण भन्दा बढी उत्खनन नहुने गरी ढुंगा,गिट्टी,बालुवा,माटो,डष्ट आदि संकलन तथा बिक्री शुल्कको ठेक्का लिन इच्छुक फर्म वा कम्पनीहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्रभित्र बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी या म्याद नाघी प्राप्त हुन आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

| क्र.सं. | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | आ.व ०८२/८३ का लागि कायम न्यूनतम अंक (VAT बाहेक) | बोलपत्र दस्तुर | स्वीकृत दररेट (VAT बाहेक) | धरौटी / जमानत रकम |
|---|---|---|---|---|---|---|
| १ | IR/MRMO/082-83/01 | महाभारत गाउँपालिका क्षेत्रभित्रको वडा न ८,१, र २ मा पर्ने आकुराखोला चौखोला, कोखाजोरखोलाको तोकिएको स्थानहरुबाट ढुंगा, गिट्टी, बालुवा, लगायत नदीजन्य वस्तुको संकलन र बिक्री गर्ने | ४५,७२,८८८/- | ३,०००/- | ढुंगा,गिट्टी,बालुवा,ग्राभेल प्रति घनफिट (मु.अ.कर बाहेक)रु. ७।- | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत |
| २ | IR/MRMO/082-83/02 | महाभारत गाउँपालिका क्षेत्रभित्रको वडा न ७, ६, र ३ मा पर्ने राङ्चाखोला, बनखु खोला, र कोखाजोरखोलाको तोकिएको स्थानहरुबाट ढुंगा, गिट्टी, बालुवा, लगायत नदीजन्य वस्तुको संकलन र बिक्री गर्ने | ३४,०९,२६३/- | ३,०००/- | | |

शर्तहरु :

१. बोलपत्र फाराम खरिद गर्न इच्छुक बोलपत्र दाताले मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, अद्यावधिक फर्म नवीकरण प्रमाणपत्रको प्रतिलिपी, आ.व.२०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, यस गाउँपालिकाको लक्ष्मी सनराईज बैंक, सल्लेनी शाखामा रहेको आन्तरिक राजस्व खाता नं 0930536214703005, राजस्व शीर्षक नं. मा जम्मा गरी श्री सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को वेभसाईट www.bolpatra.gov.np/egp system बाट Bid Document खरिद गरि मिति २०८२।०६।०२ गते दिनको १२:००बजेसम्म E-Bidding मार्फत पेश गर्नुपर्ने छ । बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट पेश गर्ने तथा खोल्ने मिति कायम हुनेछ ।

२. बोलपत्र फारम साथ धरौटी वापत कबोल अंकको ५ (पाँच) प्रतिशतले हुने जमानतको रकम यस कार्यालयको लक्ष्मी सनराईज बैंक, सल्लेनी शाखामा रहेको धरौटी खाता नं. 0930536214703001 मा रकम जम्मा गरेको सक्कलै भौचर वा सूचनामा जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकको ग्यारेन्टी पेश गर्नुपर्ने छ ।

३. यस सम्बन्धमा थप जानकारी महाभारत गाउँपालिकाको कार्यालय महाभारत- ६ देवीटार, काभ्रेपलाञ्चोकबाट प्राप्त गर्न सकिने छ । साथै ठेक्का सम्बन्धी कुनै जानकारी आवश्यक रहेमा ९७६१७८५१४२ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत